# कर्णाली प्रदेश विनियोजन विधेयक

२०७७

## कर्णाली प्रदेश सभा सचिवालय

वीरेन्द्रनगर, सुर्खेत

विधेयक संख्या :

# कर्णाली प्रदेश विनियोजन विधेयक

२०७७


**कर्णाली प्रदेश सभा सचिवालय**

वीरेन्द्रनगर, सुर्खेत

प्रदेश सरकार
आर्थिक मामिला तथा योजना मन्त्रालय
कर्णाली प्रदेश
वीरेन्द्रनगर, सुर्खेत नेपाल

# उद्देश्य र कारण

आर्थिक वर्ष २०७७/७८ को सेवा र कार्यको लागि कर्णाली प्रदेश सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले प्रस्तुत विधेयक पेश गर्नु परेको हो ।

यस विधेयकले कर्णाली प्रदेश सञ्चित कोषबाट खर्च गर्ने अधिकार र विभिन्न निकायले गर्ने सेवा र कार्यको निमित्त विनियोजन गर्न सक्ने व्यवस्था गरेको छ ।

द्रष्टव्यः यो विधेयक अर्थ विधेयक हो ।

(प्रकाश ज्वाला)
आर्थिक मामिला तथा योजना मन्त्री
मन्त्री

# आर्थिक वर्ष २०७७/७८ को सेवा र कार्यहरूको लागि कर्णाली प्रदेश सञ्चित कोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक

**प्रस्तावनाः** आर्थिक वर्ष २०७७/७८ को सेवा र कार्यहरूको लागि कर्णाली प्रदेश सञ्चित कोषबाट व्ययभार हुने रकम विनियोजन गर्ने र सो रकम खर्च गर्ने अधिकार दिन वाञ्छनीय भएकोले,

प्रदेश सभाले यो ऐन बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम "**कर्णाली प्रदेश विनियोजन ऐन, २०७७**" रहेको छ ।

(२) यो ऐन सम्वत् २०७७ साल साउन १ गतेदेखि प्रारम्भ हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,

(क) "निकाय" भन्नाले यस ऐन बमोजिम बजेट विनियोजन हुने मन्त्रालय, सचिवालय, आयोग र कार्यालयलाई सम्झनुपर्छ । सो शब्दले यस ऐन बमोजिम बजेट विनियोजन भएका संघ र स्थानीय तहका निकायलाई समेत बुझाउनेछ ।

(ख) "बजेट सूचना प्रणाली" भन्नाले प्रदेश मन्त्रालयगत बजेट सूचना प्रणाली सम्झनुपर्छ ।

(ग) "विषयगत मन्त्रालय" भन्नाले कर्णाली प्रदेश सरकार कार्यविभाजन नियमावली, २०७४ बमोजिम कार्यक्षेत्र तोकिएका मन्त्रालय सम्झनुपर्छ ।

(घ) "मन्त्रालय" भन्नाले आर्थिक मामिला तथा योजना मन्त्रालय सम्झनुपर्छ ।

(ङ) "योजना आयोग" भन्नाले कर्णाली प्रदेश योजना आयोग सम्झनुपर्छ ।

३. **<u>आर्थिक वर्ष २०७७/७८ को निमित्त प्रदेश सञ्चित कोषबाट खर्च गर्ने अधिकार:</u>** आर्थिक वर्ष २०७७/७८ को निमित्त अनुसूची-१ बमोजिम प्रदेश सञ्चित कोषमाथि व्ययभार हुने रकम रू. १,७०,७९,००० (अक्षरूपी एक करोड सत्तरी लाख उनासी हजार) बाहेक अनुसूची-२ को महल ३ मा उल्लिखित निकायले गर्ने सेवा र कार्यका निमित्त सोही अनुसूचीको महल ४ मा उल्लिखित चालु खर्च र महल ६ मा उल्लिखित पूँजीगत खर्च (वित्तीय व्यवस्था समेत) को रकम समेत गरी महल ६ मा उल्लिखित जम्मा रू. ३३,७२,४२,७४,००० (अक्षरूपी तेत्तीस अर्ब बहत्तर करोड बयालीस लाख चौरहत्तर हजार) मा नबढाई निर्दिष्ट गरिए बमोजिम प्रदेश सञ्चित कोषबाट खर्च गर्न सकिनेछ ।

४. **<u>विनियोजन:</u>** (१) यस ऐनद्वारा प्रदेश सञ्चित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०७७/७८ को निमित्त अनुसूची २ को महल ३ मा उल्लिखित निकायले गर्ने सेवा र कार्यहरूको निमित्त विनियोजनगरिनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि अनुसूची २ को महल ३ मा उल्लिखित निकायले गर्ने सेवा र कार्यको निमित्त विनियोजन गरेको रकममध्ये कुनै अनुदान संख्यामा बचत हुने र कुनै अनुदान संख्यामा अपुग हुने देखिन आएमा मन्त्रालयले बचत हुने अनुदान संख्याबाट अपुग हुने अनुदान संख्यामा रकम सार्न सक्नेछ । यसरी रकम सार्दा जम्मा रकमको दश प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी अनुदानबाट अर्को एक वा एक भन्दा बढी अनुदानमा रकम सार्न तथा निकासा र खर्च जनाउन र चालु तथा पूँजीगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा सार्न सकिनेछ ।

तर,

(क) एउटै अनुदान संख्याभित्रका बजेट शीर्षक वा उपशीर्षकमा रकमान्तर गर्दा यो सीमा लागु हुने छैन ।

(ख) पूँजीगत खर्च तर्फका शीर्षकमा विनियोजित रकम पूँजीगत तर्फ कै खर्च शीर्षकबाहेक चालु खर्च शीर्षकमा रकमान्तर गर्न सकिने छैन ।

(३) स्थानीय तहका लागि अनुदान संख्या ङण्ड मा विनियोजन भएको वित्तीय समानीकरण अनुदान रकम अन्य अनुदान संख्यामा रकमान्तर हुने छैन ।

(४) उपदफा (१), (२) र (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि अनुदान संख्या ३०१ (मुख्यमन्त्री रोजगार कार्यक्रम), ३०७ ( खाद्यान्न खरिद तथा ढुवानी), ३५० (कोभिड-१९ सम्बन्धी कार्यक्रम), ५०१ (वित्तीय व्यवस्था) र ६०२ (अर्थ विविध) मा विनियोजन भएको रकम चालु, पूँजीगत, वित्तीय व्यवस्थाका जुन-जुन शीर्षकमा निकासा र खर्च हुने हो सोही शीर्षकमा आवश्यक रकम रकमान्तर तथा कार्यक्रम संशोधन गरी थप गर्न वा घटाउन र खर्च जनाउन बाधा पर्ने छैन ।

(५) यो ऐन बमोजिम विनियोजित रकमको निकासा तथा खर्च व्यवस्थापन कर्णाली प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ बमोजिम हुनेछ ।

५. <u>अन्तर सरकारी वित्तीय हस्तान्तरणः</u> (१) अनुदान संख्या ८०१ को रकम कानुन बमोजिम खर्च गर्ने गरी वित्तीय समानीकरण अनुदान, सशर्त अनुदान, विशेष अनुदान र समपुरक अनुदानको रूपमा सम्बन्धित स्थानीय तहको सञ्चित कोषमा तोकिए बमोजिमको अवधिभित्र प्रदेश लेखा नियन्त्रक कार्यालयले हस्तान्तरण गर्नेछ ।

(२) उपदफा (१) बमोजिम हस्तान्तरण हुने वित्तीय समानीकरण अनुदान बराबर चार किस्तामा हस्तान्तरण गरिनेछ । यसको पहिलो किस्ता श्रावण २५ गते, दोश्रो किस्ता कार्तिक २ गते, तेश्रो किस्ता माघ २ गते र अन्तिम किस्ता बैशाख २ गतेभित्र दाखिला गर्नुपर्नेछ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि सम्बन्धित स्थानीय तहले अघिल्लो आर्थिक बर्षमा हस्तान्तरित रकमको उपलब्धि सहितको आर्थिक विवरण पेश नगरेमा दोश्रो र त्यस पछिका किस्ता वापतको रकम दाखिला गरिनेछैन ।

(४) उपदफा (१) बमोजिमको अनुदान रकम मध्ये सशर्त अनुदान रकमको एक चौथाईले हुन आउने रकम सम्बन्धित स्थानीय तहको सञ्चित कोषमा प्रत्येक आर्थिक वर्षको श्रावण २५ गते भित्र दाखिला गर्नुपर्नेछ ।

(५) उपदफा (४) बमोजिम हस्तान्तरण भएको अनुदान रकमको प्रगतिको आधारमा मात्र थप रकम हस्तान्तरण गर्नुपर्नेछ ।

(६) प्रदेश सरकारबाट स्वीकृत कार्यविधि बमोजिम प्रदेश लेखा नियन्त्रक कार्यालयले स्थानीय तहलाई समपूरक र विशेष अनुदानको रकम हस्तान्तरण गर्नुपर्नेछ ।

(७) यस दफा बमोजिम हस्तान्तरण भएको सशर्त अनुदान, समपूरक अनुदान र विशेष अनुदानको रकम मध्ये आषाढ मसान्तसम्म खर्च नभएको बाँकी रकम सम्बन्धित स्थानीय तहले प्रदेश सञ्चित कोषमा फिर्ता दाखिला गर्नुपर्नेछ ।

(८) उपदफा (७) बमोजिमको अघिल्लो आर्थिक बर्षमा खर्च नभएको अनुदान रकम फिर्ता दाखिला नगर्ने स्थानीय तहमा चालू आर्थिक बर्षमा हस्तान्तरण हुने अनुदान रकमबाट कट्टा गरी समायोजन गरिनेछ ।

(९) यस दफा अनुसार तोकिएको र मन्त्रालयले माग गरेको विवरण पेश नगर्ने स्थानीय तहलाई उपदफा (१) बमोजिम उपलब्ध गराइने जुनसुकै अनुदान रकम मन्त्रालयले रोक्का गर्न सक्नेछ।

(१०) प्रदेश सरकार वा अन्तर्गतका निकायबाट कार्यान्वयन

गर्ने गरी तोकिएको कुनै कार्यक्रम तत्काल हस्तान्तरण गर्नुपर्ने औचित्य सहित विषयगत मन्त्रालयबाट प्राप्त भएको वा मन्त्रालयले उपयुक्त देखेको कार्यक्रम तथा आयोजना आवश्यक शर्त सहित स्थानीय तहबाट कार्यान्वयन गर्ने गरी मन्त्रालयले सशर्त अनुदान रकम हस्तान्तरण गर्न सक्नेछ ।

६. **<u>योजना वा कार्यक्रम कार्यान्वयन सम्बन्धी विशेष व्यवस्थाः</u>** (१) यस ऐन बमोजिम प्रदेश सरकारको कुनै निकायमा विनियोजन भएको कार्यक्रम वा आयोजना स्थानीय तह मार्फत गर्नुपर्ने गरी विषयगत मन्त्रालयले सिफारिश गरेमा मन्त्रालयको सहमतिमा विषयगत मन्त्रालयले अख्तियारीको रूपमा शर्त सहित कार्यान्वयन गराउन सक्नेछ ।

(२) मन्त्रालयको सहमति र विषयगत मन्त्रालयको प्रस्तावमा दीर्घकालीन दायित्व नपर्ने गरी संघीय सरकारको कार्यक्षेत्रमा पर्ने तर अत्यावश्यक देखिएको र संघीय बजेट तथा कार्यक्रमले सम्बोधन नगरेको विषयमा कुनै कार्यक्रम वा आयोजना संघीय सरकार अन्तर्गतको निकाय मार्फत कार्यान्वयन गराउने गरी प्रदेश सरकारले निर्णय गर्न सक्नेछ ।

(३) उपदफा (२) बमोजिम निर्णय गर्दा संघीय सरकारको सम्बन्धित मन्त्रालयको सहमति प्राप्त भएको हुनुपर्नेछ ।

(४) प्रदेश सरकारको बजेट तथा कार्यक्रममा परेको विषय संघीय सरकार अन्तर्गतको कार्यालयबाट कार्यान्वयन गर्नुपर्ने औचित्य र आवश्यकता देखिएमा सम्बन्धित संघीय मन्त्रालयको सहमतिमा विषयगत मन्त्रालयले कुनै कार्यक्रम वा आयोजना संघीय सरकार अन्तर्गतको कार्यालय मार्फत कार्यान्वयन गराउन सक्नेछ ।

(५) यस ऐन बमोजिम स्थानीय तहमा सशर्त अनुदान अन्तर्गतका कार्यक्रम वा आयोजना कार्यान्वयन गर्दा स्पष्ट उपलब्धि र कार्ययोजना सहित थप रकम माग भई आएमा उपयुक्तता र स्रोतको

उपलब्धताको आधारमा मन्त्रालयले त्यस्तो कार्यक्रम वा आयोजनाको प्रगति समेत हेरी थप रकम उपलब्ध गराउन सक्नेछ ।

(६) कुनै स्थानीय तहको बजेट तथा कार्यक्रममा समावेश भएको कार्यक्रम वा आयोजना सम्बन्धित स्थानीय तहले प्रदेश सरकार मातहतको कार्यालयबाट कार्यान्वयन गराउन अनुरोध गरेमा प्रदेश सरकारको स्वीकृतिमा सम्बन्धित कार्यालय मार्फत कार्यान्वयन गराउन सकिनेछ ।

(७) उपदफा (१), (२), (४), (५) र (६) बमोजिमको निर्णयको जानकारी सम्बन्धित मन्त्रालय, प्रदेश लेखा नियन्त्रक कार्यालय, सम्बन्धित स्थानीय तह र सम्बन्धित प्रदेश लेखा इकाई कार्यालयलाई दिनुपर्नेछ ।

(८) उपदफा (१) बमोजिम स्थानीय तहले कार्यान्वयन गर्ने वा उपदफा (५) बमोजिम थप रकम उपलब्ध गराउने निर्णय प्राप्त भएमा सम्बन्धित प्रदेश लेखा इकाई कार्यालयले त्यस्तो निर्णय बमोजिम खर्च गर्ने अख्तियारी मानी प्रदेशको एकल खाता कोष प्रणालीमा सम्बन्धित स्थानीय तहको कार्यालयलाई प्रदेश निकायको रूपमा कार्यालय कोड प्रदान गरी सोही कोडबाट प्रचलित प्रदेश कानून बमोजिमको रकम निकासा दिनुपर्नेछ ।

(९) उपदफा (६) बमोजिम स्थानीय तहको योजना तथा कार्यक्रम प्रदेश सरकारको सम्बन्धित कार्यालय मार्फत कार्यान्वयन गर्ने निर्णय भएमा स्थानीय तहले प्रदेशको सम्बन्धित निकायको नाममा सम्बन्धित प्रदेश लेखा इकाई कार्यालयमा रहेको कार्य सञ्चालन कोष खातामा जम्मा हुने गरी रकम निकासा दिनु पर्नेछ ।

(१०) यस ऐनमा अन्यन्त्र जुनसुकै कुरा लेखिएको भए तापनि कोभिड-१९ सम्बन्धी सामाजिक विकास मन्त्रालयमा रहेका कार्यक्रमको सञ्चालन र बजेट निकासा प्रदेश सरकारले तोके बमोजिम हुनेछ ।

७. **<u>लेखाङ्कन, प्रतिवेदन तथा लेखापरीक्षण</u>:** यस ऐन बमोजिम प्रदेश सरकारबाट विनियोजित वा कार्यान्वयन गर्नुपर्ने कार्यक्रम वा आयोजना अख्तियारीको रूपमा स्थानीय तह वा संघीय सरकार अन्तर्गतका कार्यालयबाट कार्यान्वयन गर्दा प्रदेश सरकार अन्तर्गतको इकाईको रूपमा प्रदेश कानुनमा तोकिए बमोजिम लेखा राख्ने, लेखापरीक्षण गराउने र प्रतिवेदन गर्ने समेतको वित्तीय दायित्व बहन गर्नुपर्नेछ ।

८. **<u>अख्तियारी तथा कार्यक्रम स्वीकृति</u>:** (१) यस ऐन बमोजिम विनियोजित रकमको खर्च गर्ने अख्तियारी प्रचलित कानूनको अधीनमा रही ऐन प्रारम्भ भएको मितिदेखि अधिकार प्राप्त अधिकारीलाई हुनेछ ।

(२) उपदफा (१) बमोजिम खर्च गर्ने अख्तियारीको आधारमा प्रदेश लेखा इकाई कार्यालयले सम्बन्धित निकायलाई विनियोजन भएको रकम निकासा दिनेछ ।

(३) कुनै निकायलाई एक भन्दा बढी निकायबाट खर्च गर्ने गरी रकम विनियोजन भएकोमा विनियोजन भएको सम्पूर्ण रकम खर्च गर्ने निकायलाई बाँडफाँट गरी त्यसको जानकारी मन्त्रालय, प्रदेश लेखा नियन्त्रक कार्यालय र सम्बन्धित प्रदेश लेखा इकाई कार्यालयलाई दिनुपर्नेछ ।

(४) उपदफा (३) बमोजिमको बाँडफाँटबाट रकम प्राप्त गर्ने निकायको प्रमुखलाई त्यस्तो रकम खर्च गर्न अख्तियारी प्राप्त भएको मानिनेछ ।

(५) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि प्रदेश मन्त्रालयगत बजेट सूचना प्रणालीमा समावेश भएको कार्यक्रम त्यस्तो कार्यक्रम कार्यान्वयन गर्ने प्रयोजनको लागि स्वीकृत कार्यक्रम मानिनेछ ।

(६) उपदफा (५) बमोजिम बजेट सूचना प्रणालीमा समावेश

भएको कुनै कार्यक्रम संशोधन गर्नुपर्ने भएमा विषयगत मन्त्रालय तथा निकायले योजना आयोगको सिफारिशमा मन्त्रालयको सहमति लिनु पर्नेछ ।

(७) उपदफा (६) मा जुनसुकै कुरा लेखिएको भए तापनि बजेट सूचना प्रणालीमा समावेश भएको कार्यक्रमको चौमासिक विभाजनमा संशोधन गर्नुपर्ने भएमा सम्बन्धित निकायले तालूक कार्यालय प्रमुखको स्वीकृत लिनुपर्नेछ ।

तर विषयगत मन्त्रालयले कार्यक्रमको उद्देश्यमा फरक नपर्ने गरी चौमासिक विभाजनमा संशोधन गर्न बाधा पुगेको मानिने छैन ।

(८) उपदफा (७) बमोजिम संशोधन भएको जानकारी मन्त्रालय, प्रदेश लेखा नियन्त्रक कार्यालय र सम्बन्धित प्रदेश लेखा इकाई कार्यालयलाई दिनुपर्नेछ ।

(९) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि कुनै खर्च शीर्षकमा एकमुष्ट रकम विनियोजन भएको भएमा चौमासिक विभाजन सहित बार्षिक कार्यक्रमको ढाँचामा प्रथम चौमासिक अवधि भित्र कार्यक्रमको बाँडफाँट गरी योजना आयोगको सिफारिशमा मन्त्रालयबाट स्वीकृत गराउनुपर्नेछ। यस्तो स्वीकृतिको जानकारी मन्त्रालयले प्रदेश लेखा नियन्त्रक कार्यालय र सम्बन्धित प्रदेश लेखा इकाई कार्यालयलाई दिनुपर्नेछ ।

(१०) विषयगत मन्त्रालय, आयोग वा सचिवालयबाट कारण र औचित्य खुलाई स्वीकृत बार्षिक विकास कार्यक्रम संशोधनका लागि अनुरोध गरेमा कार्यक्रमको उद्देश्यमा फरक नपर्ने गरी योजना आयोगको सिफारिशमा मन्त्रालयले बैशाख मसान्तसम्म कार्यक्रम संशोधन गर्न सक्नेछ ।

तर आर्थिक बर्षको बैशाख मसान्त पछि कार्यक्रम संशोधन

गर्नुपर्ने यथेष्ट आधार भएमा मन्त्रालयको सहमतिमा प्रदेश सरकारको स्वीकृति लिई गर्नुपर्नेछ ।

९. **कार्यविधि तथा मापदण्ड बनाउन सक्ने:** (१) यस ऐनको कार्यान्वयन गर्न प्रदेश सरकारले आवश्यक कार्यविधि तथा मापदण्ड बनाउन सक्नेछ ।

(२) विभिन्न अनुदान संख्यामा रहेको रोजगार कार्यक्रमको विनियोजित रकमको खर्च प्रदेश सरकारबाट स्वीकृत कार्यविधि बमोजिम हुनेछ ।

१०. **बाधा/अड्काउ फुकाउन सक्ने:** यस ऐनको कार्यान्वयनमा कुनै बाधा उत्पन्न भएमा प्रदेश सरकारले प्रदेश राजपत्रमा आवश्यक आदेश जारी गरी उक्त बाधा फुकाउन सक्नेछ ।

अनुसूची-१

(दफा ३ सँग सम्बन्धित)

नेपालको संविधान बमोजिम

# प्रदेश सञ्चित कोषमाथि व्ययभार हुने रकम

*रू. हजारमा*

| १ | २ | ३ | ४ | ५ | ६ | ७ |
|---|---|---|---|---|---|---|
| क्र.स. | अनुदान संख्या | निकायहरुको नाम | चालु खर्च | पूँजीगत खर्च | वित्तीय व्यवस्था | जम्मा |
| १ | २०२ | प्रदेश सभा सचिवालय (प्रदेश सभामुख र उपसभामुखको पारिश्रमिक र सुविधा) | ९३३३ | ० | ० | ९३३३ |
| २ | २१० | प्रदेश लोकसेवा आयोग (अध्यक्ष र सदस्यहरुको पारिश्रमिक र सुविधा) | ७७४६ | ० | ० | ७७४६ |
| जम्मा | | | १७०७९ | ० | ० | १७०७९ |

अनुसूची-२

(दफा ३ र ४ सँग सम्बन्धित)

# प्रदेश सञ्चित कोषबाट विनियोजन हुने रकम

*रू. हजारमा*

| १ | २ | ३ | ४ | ५ | ६ |
|---|---|---|---|---|---|
| **क्र.स.** | **अनुदान संख्या** | **निकायहरुको नाम** | **चालु खर्च** | **पूँजीगत खर्च** | **जम्मा** |
| १ | २०२ | प्रदेश व्यवस्थापिका | ९०७८० | ८०० | १००९१३ |
| २ | २१० | प्रदेश लोक सेवा आयोग | १९२९० | १७२५ | २८७६१ |
| ३ | २१६ | मुख्य न्यायाधिवक्ताको कार्यालय | १०२९० | ५०० | १०७९० |
| ४ | ३०१ | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | २४१८६७२ | ३७६५९९६ | ६१८४६६८ |
| ५ | ३०५ | आर्थिक मामिला तथा योजना मन्त्रालय | १०९११८ | ३६२३५ | १४५३५३ |
| ६ | ३०७ | उद्योग, पर्यटन, वन तथा वातावरण | १२६६१३० | १०११३५० | २२७७४८० |
| ७ | ३१२ | भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय | २१८६९३१ | ५१४९६५ | २७०१८९६ |
| ८ | ३१४ | आन्तरिक मामिला तथा कानून मन्त्रालय | १२७१०३ | २९०५५० | ४१७६५३ |
| ९ | ३३७ | भौतिक पूर्वाधार विकास मन्त्रालय | ५३८१६८ | १०७६८८५६ | ११३०७०२४ |
| १० | ३५० | सामाजिक विकास मन्त्रालय | ३८३०२५३ | १४२२०१४ | ५२५२२६७ |
| ११ | ३९१ | कर्णाली प्रदेश योजना आयोग | ३९९१८ | ६१३० | ४६०४८ |
| १२ | ५०१ | आर्थिक मामिला तथा योजना मन्त्रालय (अर्थ- वित्तीय व्यवस्था) | | ७५०००० | ७५०००० |
| १३ | ६०२ | आर्थिक मामिला तथा योजना मन्त्रालय (अर्थ- विविध) | १०२२००० | ५००००० | १५२२००० |
| १४ | ८०१ | स्थानीय तहहरु | २९९६५०० | | २९९६५०० |
| | | **कुल जम्मा** | **१४६५५१५३** | **१९०६९१२१** | **३३७२४२७४** |